DISASTER MANAGEMENT
CITY OF BOULDER • BOULDER COUNTY

आपात स्थितिको लागि बीमाको तयारी

बीमासम्बन्धी मूल कुरोहरू

तम्तयार रहनको लागि यी पाइलोहरू सार्नुहोस्:

- घरका महत्त्वपूर्ण वस्तुहरू वा व्यवसायसम्बन्धी सम्पत्तिहरूको सूची बनाउनुहोस् – तपाईंको घर/सम्पत्ति/सामानहरू, सबैको भिडियो बनाउनुहोस् वा तस्बिरहरू खिँच्नुहोस्।
- वर्षमा एकपल्ट तपाईंको बीमा पोलिसिको समीक्षा गर्नुहोस् अनि यो सुनिश्चित गर्नुहोस् कि यसले तपाईंका आवश्यकताहरूलाई पूरा गर्छ।
- महत्त्वपूर्ण विवरणहरू (पोलिसि नम्बरहरू, कागजातहरू, आदि)-लाई सुरक्षित स्थानमा राख्नुहोस्।
- मरम्मतका कुनै पनि कार्यहरू अथवा उच्च-मूल्यका खरिदहरूका विवरणहरू राम्ररी राख्नुहोस् अनि त्यसबारे तपाईंका बीमा प्रदातालाई बताउनुहोस्।
- यो पत्तो लगाउनुहोस् कि जोखिमलाई कम्ती पार्न अथवा पात्रताका अन्य बुँदाहरूलाई पूरा गर्नको लागि प्रदाताहरूले के-कस्ता छूटहरू दिइरहेछन्।
- तपाईंको लागि आवश्यक थप बीमाबारे विचार गर्नुहोस् – सम्प पम्पको खराबी वा भित्र पानी पसेको कारणले गर्दा स्थान जलमग्न भएको वा पानीको आपूर्ति प्रणाली क्षतिग्रस्त भएको स्थितिलाई अधिकांश पोलिसिहरूले कभर गर्दैनन्।
- व्यवसायका मालिकहरूको लागि – आफ्ना आवश्यकताहरूको मूल्याङ्कन गर्नुहोस् अनि तपाईंको व्यवसायसित सम्बद्ध सम्पत्ति तथा कर्मचारीहरूको लागि व्यवसायिक/वाणिज्यिक बीमाको खरिद गर्नेबारे विचार गर्नुहोस्।

विशेष ध्यान

बाढीसम्बन्धी बीमा

- **निम्नहरूको लागि आवश्यक छ: बाढी आउने सम्भावना भएको भूभागमा बस्नेहरू, अथवा ती व्यक्तिहरू जो बाढीको लागि बीमा कभरेज चाहन्छन्। अधिकांश पोलिसिहरूमा बाढीको लागि बीमा कभरेज हुँदैन – विस्तृत विवरणको लागि आफ्नो प्रदातासित सम्पर्क गर्नुहोस्।**
- **बाढीको जोखिम छ भनी चिह्नित गरिएका क्षेत्रहरूमा बसोबासो गर्ने मानिसहरूको लागि राष्ट्रिय बाढी बीमा कार्यक्रम [National Flood Insurance Program (NFIP)] अन्तर्गत बाढीको लागि बीमा कभरेज उपलब्ध छ। www.floodsmart.gov-मा यसबारे अधिक जान्नुहोस्।**
- **यदि तपाईं NFIP-द्वारा चिह्नित समुदायमा बसोबासो गर्नुहुँदैन तर कभरेज चाहनुहुन्छ भने, तपाईंले यसलाई सोझै प्रदाताबाट किन्न सक्नुहुन्छ।**

सम्प पम्प (SUMP PUMP) बीमा

- **निम्नहरूको लागि आवश्यक छ: ढल वा नालीको ब्याकअप (पानी घरभित्र पस्नु)-ले गर्दा हुने खर्चको कभरेजको लागि, अत्यधिक वर्षा, वा बिजुली जाने कारणले सम्प पम्पले काम गर्न छोड्छ।**
- **यसप्रकारको कभरेजलाई थप्नको लागि कुनै प्रदातासित कुरा गर्नुहोस्।**

थप कभरेज

- **निम्नहरूको लागि आवश्यक छ: गर-गहना, उपकरणहरू, अनि एन्टीक अर्थात् पुरातन सामग्रीहरू जस्ता विशिष्ट वस्तुहरूको कभरेजको लागि।**

तपाईंका प्रदातालाई सोध्नपर्ने प्रश्नहरू

- के मेरो पोलिसिले क्षतिको सम्पूर्ण रूपमा कभर गर्छ? यदि गर्दैन भने, कुन प्रकारको विस्तारित कभरेज (extended coverage) उपलब्ध छ?
- के यो पोलिसिले पुनर्निर्माणमा लाग्ने खर्चलाई कभर गर्छ (फोहोरमैला हटाउनु अनि वर्तमान मानक अनुरूप पुनर्निर्माण गर्नु लगायत)?
- तपाईंले के-कस्ता छूटहरू दिनुहुन्छ, अनि यसको लागि म कसरी योग्य ठहरिन सक्छु?
- के कुनै सामग्रीहरूको लागि त्यहाँ कुनै सीमा अथवा रोक छन्? यदि छ भने, मैले कुन थप कभरेजको लागि विचार गर्नुपर्नेछ?

संसाधनहरू

आपात स्थितिको लागि तयार बीमाबारे जानकारी

- तपाईंका घरमालिकहरू/घरभाडा लिएर बस्नेहरूसित सम्बद्ध आपात स्थिति तयार बीमा वा साना व्यापार बीमाबारे जानकारीको लागि https://doi.colorado.gov/ हेर्नुहोस्

FLOODSMART.GOV

- बाढीसम्बन्धी बीमाबारे जानकारी अनि राष्ट्रिय बाढी बीमा कार्यक्रम [National Flood Insurance Program (NFIP)]-मा नामाङ्कन गर्नको लागि www.floodsmart.gov हेर्नुहोस्

बीमाबाट हटाइएको छ?

- यदि तपाईंलाई अनुचित तरिकाले बीमाबाट हटाइएको छ भनी तपाईं ठान्नुहुन्छ भने, गुनासो दर्ता गर्नको लागि कोलोराडो नियामक एजेन्सीहरूको विभाग [Colorado Division of Regulatory Agencies (DORA)]-सित सम्पर्क गर्नुहोस्।
- नयाँ कभरेजको लागि तुरुन्तै खरिद गर्न थाल्नुहोस्।

थप तयारी जानकारीको लागि

www.boulderodm.gov/preparedness

DISASTER MANAGEMENT
CITY OF BOULDER • BOULDER COUNTY